(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल चैत्र ३० गते विहिवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको एक्काइसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

*मिति २०७९।१२।३०*

## मिति २०७९/१२/३० गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. ठेक्काको बचत रकम सम्वन्धमा ।
३. सहकार्यमा सर्पदंश कार्यक्रम संचालन गरिदिने सम्वन्धमा ।
४. पिडारी आयुर्वेदको कार्यक्रम संचालन सम्वन्धमा ।
५. जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालयको लागि जग्गा उपलब्ध गराई दिने सम्वन्धमा ।
६. हरिपुर नगरपालिकाको अनुदान वितरण सम्वन्धी मापदण्ड सम्वन्धमा ।
७. परीक्षाको रकम भुक्तानी सम्वन्धमा ।
८. मसलन्द तथा स्टेशनरीको रकम भुक्तानी सम्वन्धमा ।
९. प्राथमिक स्वास्थ्य केन्द्र, हरिपुरको ब्यवस्थापन सम्वन्धमा ।
१०. एम्वुलेन्स खरिद सम्वन्धमा ।
११. नगर खेलकुद सञ्चालन खर्च कार्यविधि सम्बन्धमा ।
१२. जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता सम्वन्धमा ।
१३. हाम्रो हरिपुर वातावरण कार्यक्रम नवीकरण तथा निरन्तरता सम्वन्धमा ।
१४. जग्गा उपभोग गर्ने सम्वन्धमा ।
१५. आर्थिक सहायता सम्वन्धमा ।
१६. रकम भुक्तानी सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुवाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९।०८० मा ठेक्का बन्दोवस्ती भएको देहायका योजनाहरुमा ठेक्का लागि बचत भएको रकम देहायकै योजनाहरुमा कोटेशन विधिबाट खरिद प्रक्रिया अगाडी बढाइ सो योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

देहायका योजनाहरु

१. हात्तिसार फिल्डमा वाउन्ड्री वाल निर्माण रकम रु. १००००००।०० (दश लाख)
२. हात्तिसार अधुरो कभर्ड हल निर्माण रकम रु. ६५००००।०० (छ लाख पचास हजार)
३. श्री महावीर जनता क्यामपस अधुरो भवन निर्माण रकम रु ७०००००।०० (सात लाख)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिका र नयाँ पुस्ता विकास सभाज, लालबन्दी-१, नवलपुर, सर्लाही बीच सहकार्यमा गर्मी र वर्षाको याममा नगरपालिकाको विभिन्न वडाहरुमा सर्पदंशको विग विगी बढ्ने गरेको हुँदा सर्पदंशका घटनाहरुलाई न्युनिकरण गर्न तथा मानव जिवनलाई सुरक्षित वनाउन सर्पदंश सम्वन्धी अभिमुखिकरण

मिति २०७९।११।३०

कार्यक्रम संचालन गर्न सो संस्थाले प्रस्तावनामा पेश गरेको आर्थिक प्रस्ताव रकम रु. २२५००।०० आ.व. २०७९।०८० को दशौं नगरसभाको पेज नं. ५५ मा क्र.सं. ९६ मा अन्य सामाजिक सहायता खर्च शिर्षक नं. २७२१९ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकम मध्येबाट रु. २२५००।०० खर्च गर्ने गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारी आयुर्वेद औषधालयमा आ.व. २०७९।०८० को ११ औं नगरसभाले पिडारी आयुर्वेद औषधालयमा रकम रु. ७०००००।०० एकमुष्ट रकम विनियोजित भएको हुँदा उक्त रकमको देहाय बमोजिमको कार्यक्रम संचालन गर्न रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय

१. निशुल्क विशेषज्ञ आयुर्वेद शिविर रकम रु. ५०००००।०० (पाँच लाख)
२. स्थानीय जनताहरुलाई जडीबुटी परिचयात्मक कार्यक्रम रकम रु. १०००००।०० (एक लाख)
३. आरोग्य क्लिनिक संचालन रकम रु. १०००००।०० (एक लाख)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय ३ को प.सं. २०७९।०८०, च.नं. २८७, मिति २०७९।१०।२७ गतेको प्राप्त पत्रानुसार जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय ३ को आफ्नो भवन निर्माणको लागि कम्तीमा ५ (पाँच कट्टा) जग्गा निःशुल्क वडा नं. २ अन्तर्गत बजार क्षेत्र भित्र उपलब्ध गराउन हुन अनुरोध भएकोमा उक्त जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय ३ को भवन निर्माणको लागि जग्गा दाताहरुलाई निःशुल्क ५ कट्टा जग्गा उपलब्ध गराउन हुन यस कार्यालयबाट १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको अनुदान वितरण सम्वन्धी मापदण्ड, २०७९ लाई स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको विज्ञापन अनुसार विभिन्न मितिमा भएको कृषि स्नातक, एम.आई.एस. अपरेटर र पशु चिकित्सक पदको परीक्षामा भएको खर्च रकम विल अनुसार आ.व. २०७९/०८० को दशौं नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५४ को सि.नं. ६८ कार्यपालिकाको वैठकको निर्णयानुसार खर्च हुने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा खरिद भएको मसलन्द तथा स्टेशनरी समाग्रीहरुको अपुग रकम आ.व. २०७९/०८० को दशौं नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५४ को सि.नं. ६८ कार्यपालिकाको वैठकको निर्णयानुसार खर्च हुने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, हरिपुरमा ल्याव, इसिजी, यु.एस.जी., रेवीज खोप सेवाको लागि खरिद तथा व्यवस्थापनको लागि हरिपुर नगरपालिकाको पुँजीगत खर्च आ.व. २०७९।०८० बजेट उपशिर्षकः हरिपुर नगरपालिका सि.नं. १८ खर्च शिर्षक ३१११२ मा विनियोजित रकम रु. ३००००००।०० मध्ये रकम रु. १००००००।०० (दश लाख) विनियोजन गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।३०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकामा वडा नं. २ अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, हरिपुरमा विरामी र सेवाग्राहीहरुको संख्या दिनानुदिन बढ्दै गएको तथा वडा नं. २ को जनसंख्या तथा क्षेत्रफल वढी रहेकोले राजश्व छुटमा एम्वुलेन्स खरिदको लागि नेपाल सरकार अर्थ मन्त्रालय, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका भित्र सञ्चालन हुने विभिन्न विद्याका खेलकुदमा खर्च व्यवस्थापनका लागि निर्माण भएको नगर खेलकुद सञ्चालन खेलकुद खर्च कार्यविधि, २०७९ लाई छलफल गरी अर्को कार्यपालिकाको बैठकबाट स्वीकृतिको लागि पेश गर्ने निर्णय पारित गरियो ।

प्रस्तव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाले सञ्चालन गरेको पाचौं मा.वि. तह नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताबाट छनौट भएका विभिन्न विद्याका खेलाडीहरुलाई मिति २०८०/०१/०३ गतेदेखि लालबन्दी नगरपालिकाको खेलमैदानमा मिति २०८०/०१/०३ गतेदेखि ०५ गतेसम्म सञ्चालन हुने जिल्लास्तरीय खेलकुद प्रतियोगितामा सहभागिताको लागि जिल्ला खेलकुद विकास समितिले जारी गरेको च.नं. ६१/०७९/०८० मिति २०७९/१२/२४ को पत्रानुसार छनौट भएका खेलाडीहरुलाई सहभागि गराउन यस नगरपालिको दशौं नगर सभाद्वरा स्वीकृत नगर विकास योजनाको पेज नं. ५४ सि.नं. ६० ब.उ.शी.नं. ८०२१९४०९१०१ को चालुगत खर्च शीर्षक नं. २२५२२ मा रहेको नगरस्तरीय खेलाडीको पहिचानको लागि खेलकुद कार्यक्रम शीर्षकमा विनियोजन भएको रकम रु. १५,००,०००।०० मध्येबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस नगरपालिकाबाट छनौट भएका खेलाडीहरुलाई सहभागि गराउन आवश्यक पर्ने लागत अनुमान अनुसारको रकम रु. २,३०,९००।०० प्रतियोगिताको लागि स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा हाम्रो हरिपुर वातावरण रेडियो कार्यक्रम अघिल्लो आ.व.मा सामुदायिक रेडियो मुक्तेश्वर, वरहथवासँग सम्झौता भई संचालन भएकोमा यस आ.व.मा पनि उक्त कार्यक्रम सो संस्थासँग सम्झौता नवीकरण गरी निरन्तरता दिने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयलाई ०-५-० जग्गा निशुल्क ५ वर्षको लागि उपलब्ध गराउने जग्गा धनी हरिपुर-७, सर्लाहीका श्री कपिलदेव चौधरी र श्री महेश्वर प्रसाद चौधरीलाई धन्यवादज्ञापन गर्दै उक्त जग्गामा सम्झौता भए बमोजिम पार्किंग, अस्थायी चमेना गृह, माटो पुर्ने र अन्य कार्य गर्न लागत अनुमान तयारी गरी कार्यान्वयन गर्न आ.व. २०७९/०८० को दशौं नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५४ को सि.नं. ६८ कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।३०

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका[illegible]को व्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो:

| क्र.सं. | आर्थिक सहायता लिने व्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | रामजानकी मन्दिर निर्माण जानकीनगर-१ | हरिपुर-१ जानकीनगर | १०००० | पानी तान्ने मोटर-१<br>पानी पाइप-३ क्वाइल<br>विजुली तार-२ क्वाइल<br>भेन्टिलेशन-१ थान | (२५३१४) धार्मिक तथा सांस्कृतिक संस्था सहायता |
| २ | रामजानकी मठ | हरिपुर-९ | १०००० | साउण्ड बाजा | |
| ३ | श्री सुनैना चौधरी | हरिपुर-८ | १०००० | मुटु सम्वन्धी रोग | (२७२१९) विपन्न परिवारलाई औषधी उपचार गर्न आर्थिक सहयोग |
| ४ | सागिना कुमारी मण्डल | हरिपुर-५ | १०००० | आगलागी | |
| ५ | अनिता कुमारी देवी | हरिपुर-८ | १०००० | मृगौला विमारी | |
| ६ | शुसिला देवी | हरिपुर-८ | १०००० | पाठेघर सम्वन्धी विमारी | |
| ७ | नन्दलाल दास | हरिपुर-६ | १०००० | प्यारालाइसिस | |
| ८ | श्री पिण्डेश्वर नाथ यूवा क्लव हरिपुर-८, सर्लाही | हरिपुर-८ | १०००० | जिल्ला स्तरिय फुटवल प्रतियोगिता कार्यक्रम | (२७२१९) अन्य सामाजिक सहायता |
| ९ | मजदुर आवाज | राष्ट्रिय पत्रिका | १०००० | संदेशमुल सूचना प्रकाशित | |

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा हरिपुर बजार ब्यवस्थापनमा भवन निर्माणको क्रममा रहेकोले सो बजारको लागि उतर पट्टि रहेको रामचन्द्र चौधरीको जग्गामा बजार लागउन सो जग्गामा नगरपालिकाको जेसिवीले लखनदेही खोलाबाट ग्राभेल लोडिंग र वालुवा बजारमा सम्मयाउन ईन्धन खर्च वापतको रकम रु. २५०००।०० आ.व. २०७९/०८० को दशौ नगरसभाबाट स्वीकृत नगर विकास योजना पुस्तिकाको पेज नं. ५४ को सि.नं. ६८ कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो